# संवत् २०८० साल फागुन ११ गते बसेको कार्यपालिकाको ११ औं बैठकका निर्णयहरु:

बैठकका प्रस्तावहरू:

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. लुम्बिनी प्रदेशको विशेष अनुदान सम्बन्धमा।
३. नव प्रवर्तनमा आधारित कार्यक्रम सम्बन्धमा।
४. विविध सम्बन्धमा।

बैठकका निर्णयहरु:

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा गरियो।

२. लुम्बिनी प्रदेशको बिशेष अनुदान सम्बन्धमाः लुम्बिनी प्रदेश सरकार, लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयको मिति २०८०/११/०८ गतेको प्राप्त पत्रानुसार बिशेष अनुदान तर्फका आयोजना प्रस्ताव गर्ने सम्बन्धि सूचना बमोजिम देहायको योजना माग गर्ने।

| क सं | योजनाको नाम | योजना सञ्चालन हुने स्थान |
|---|---|---|
| १ | रातापानी फुल्पर्सेना लिफ्ट खानेपानी योजना | लुङ्ग्री ५ र ६, रोल्पा |

३. नव प्रवर्तनमा आधारित कार्यक्रम सम्बन्धमाः यस लुङ्ग्री गाउँपालिकामा आगामी आ.व. देखि नवप्रवर्तनमा आधारित कार्यक्रमहरु सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्ने।

४. विविध सम्बन्धमाः देहायका विविध बिषयहरुमा निर्णय गरीयो।

(क) गाउँपालिकाको कार्यपालिका बैठक सञ्चालन हुनु पुर्व राष्ट्रिय धुन बजाएर मात्र बैठक सुरु गर्ने।

(ख) आ.ब. ०८०/८१को दोस्रो चौमासिकको सार्वजिक सुनुवाई कार्यक्रम मिति २०८०/१२/०७ गते वडा नं ३ जुतुङखोलामा सञ्चालन गर्ने।

(ग) लुङ्ग्री गाउँपालिकाको चालु बजेट तथा कार्यक्रमको अर्धबार्षिक समिक्षा मिति २०८०/११/२४ गते गाउँपालिकाको कार्यालय, किलाचौरमा गर्ने।

(घ) गाउँपालिकाको पहिचान सहितको लोगो निर्माण गर्ने श्री बालाराम बिष्टलाई प्रोत्साहत स्वरुप पुजिगत विनयोजनको कन्टेन्जिन्सी खर्चबाट रु २५०००/- (अक्षरेपी पच्चीस हजार रुपैयाँ मात्र) नगद र सम्मान पत्रले सम्मान गर्ने।

(ङ) लुङ्ग्री गाउँपालिका अन्तर्गतका आधारभूत तह (६-८) सञ्चालित बिद्यालयहरुले माध्यामिक तह (कक्षा ९-१०) सञ्चालन गर्नका लागि शिक्षा नियमावली २०५९ (संशोधन सहित) नियम ४ को अनुसूची ३ बमोजिमको पुर्वाधार पुरा गरि आवश्यक कागजात तथा आमभेलाको निर्णय सहित निवेदन पेश गरेका बिद्यालयहरुको भौतिक सर्वेक्षण तथा नक्साङ्कन अनुगमन प्रतिवेदन, २०८० अनुसार तह थप गर्न आवश्यक देखिएको र तह थप गर्नका लागि शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालयको पुर्व स्वीकृती लिने प्रावधान भए बमोजिम देहायका बिद्यालयहरुलाई सिफारिस गर्ने।

१) श्री बिजयश्वरी आधारभूत बिद्यालय, लुङ्ग्री ४ सालडाँडा, रोल्पा।
२) श्री हिक्मतेश्वर आधारभूत बिद्यालय, लुङ्ग्री २ दुलेपानी, रोल्पा।
३) श्री नेपाल राष्ट्रिय आधारभूत बिद्यालय, लुङ्ग्री ६ पाटेगुम्चाल, रोल्पा।
४) श्री युवाबर्ष आधारभूत बिद्यालय, लुङ्ग्री १ ऐपे, रोल्पा।

लुङ्ग्री गाउँकार्यपालिकाको बैठक मिति २०८०/११/११ बैठक संख्याः ११

(च) सबै जनप्रतिनिधिहरुले औपचारिक कार्यक्रम तथा वैठकमा परिचयपत्र अनिवार्य रुपमा प्रयोग गर्ने र आउदो गाउँसभासम्म अनिवार्य रुपमा प्रयोग गर्न राष्ट्रिय पोशाक तयार गर्ने।

(छ) लुङ्ग्री गाउँपालिकाको सम्भाव्य पर्यटकीय स्थानहरु पहिचान गरी तेस्रो रोल्पा महोत्सवमा प्रदर्शनीका लागि श्रव्यदृष्य सामग्री तयार गर्नका लागि भिडियो तथा फोटो ग्राफरसँग द्विपक्षीय करार गरी परामर्श सेवा लिन सम्झौता गर्ने।

(ज) स्थानीय तह स्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति देहाय बमोजिम गठन गर्ने।

| | |
|---|---|
| संयोजक | श्री दिल कुमारी गुरुङ, गाउँपालिका उपाध्यक्ष |
| सदस्य | श्री इशा बि.क., कार्यपालिका सदस्य |
| सदस्य | श्री दिपा कुमारी बिष्ट, स्वास्थ्य शाखा सह-संयोजक |
| सदस्य | श्री क्युरी घर्ती, शिक्षक - श्री सरस्वती मा.वि |
| सदस्य | श्री टुकसरी थापा, शिक्षक - श्री सामाजिक मा.वि. |
| सदस्य सचिव | श्री भेष बहादुर बिष्ट, शिक्षा शाखा प्रमुख |

(झ) करदाता कार्यालय, प्युठानले पठाएको ननफाइलर (कर नतिर्ने) सूचीलाई वडा कार्यालय मार्फत जानकारी दिने र कर नतिर्ने व्यक्ति तथा फर्मको विवरण वडा कार्यालयहरुको सूचना पाटी र लुङ्ग्री गाउँपालिकाको वेभसाइटमा प्रकाशन गर्ने र जहरुलाई गाउँपालिका तथा वडा कार्यालयबाट सेवा प्रदान गर्दा कर तिर्न सचेत गराउने।

(ञ) लुङ्ग्री गाउँपालिकाको अध्यक्ष कप खेलकुद प्रतियोगित हाल शैक्षिक शत्रको अन्तिममा बार्षिक परिक्षा पर्ने भएकोले नयाँ वर्ष २०८१ को अवसरमा २०८१/०१/०२ गते देखि सञ्चालन गर्ने।

(ट) आ.ब. २०७९/८० को प्राकृति स्रोत तथा वित्त आयोगको स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन प्रारम्भिक प्रतिवेदनको समिक्षा गरीयो।

(ठ) आ.व.२०७९/८० मा गाउँपालिका अध्यक्ष र तत्कालिन प्रमुख प्रशासकीय अधिकृतले दैनिक लुम्बिनी प्त्रिकासँग सन्देशमूलक सूचना प्रकाशन गर्न रु ५००००/(अक्षरेपी पचास हजार) मात्रको सम्झौता गरेकोमा बजेट अभावको कारण सो आर्थिक बर्षमा रु १५०००/-(अक्षरेपी पन्ध्र हजार) मात्र भुक्तानी भएकोले बाँकी मध्ये रु २५०००/- (अक्षरेपी पच्चीस हजार) मात्र भुक्तानी दिने।

(ड) लुङ्ग्री गाउँपालिकाको कन्टिन्जेन्सी कार्यविधि, २०८० पारित गर्ने।

निर्णय प्रमाणित गरिएको छ।